चिङ्गाड गाउँपालिका

स्थानीय राजपत्र

खण्डः १० | संख्या : ८ | पुङखेत, सुर्खेत | मितिः २०८३।०६।०७

भाग–१

चिङ्गाड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुङखेत, सुर्खेत

सूचना

चिङ्गाड गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

चिङ्गाड गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाइ ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नं. ८

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०६।०६

प्रमाणीकरण मितिः २०८३।०६।०७

प्रस्तावनाः नेपालको संविधानद्वारा प्रत्याभूत नागरिकको स्वास्थ्यसम्बन्धी हक तथा स्थानीय तहको अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै चिङ्गाड गाउँपालिका क्षेत्रका नागरिकलाई गुणस्तरीय, सर्वसुलभ र समतामूलक स्वास्थ्य सेवा उपलब्ध गराउन, रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्द्धन, मातृशिशु स्वास्थ्य संरक्षण, महामारी नियन्त्रण, स्वच्छ खानेपानी, सरसफाइ तथा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनमार्फत स्वस्थ, स्वच्छ र सुरक्षित गाउँपालिका निर्माण गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिङ्गाड गाउँ सभाले यो ऐन पारित गरी लागु गरिएको छ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चिङ्गाड गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाइ ऐन, २०८३" रहेको छ।

(२) यो ऐन सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले चिङ्गाड गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "सभा" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले चिङ्गाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले चिङ्गाड गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिङ्गाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) "शाखा" भन्नाले चिङ्गाड गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ शाखा सम्झनु पर्छ।

(ज) "सरकारी वा सामुदायिक स्वास्थ्य संस्था" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(झ) "निजी स्वास्थ्य संस्था" भन्नाले सेवा सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(ञ) "ट्रष्ट वा लोक कल्याणकारी संस्था" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ट) "व्यवस्थापन समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिमको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ठ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाइहरू र अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ड) "अनुगमन समिति" यस ऐनको दफा ७ बमोजिमको स्वास्थ्य संस्था अनुगमन समिति सम्झनु पर्दछ।

(ढ) "कार्यपालिकाको कार्यालय" भन्नाले चिङ्गाड गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

परिच्छेद– २

आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरूः स्थानीयस्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरू देहायबमोजिम हुनेछन्।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयुर्वेद केन्द्रहरू सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ख) निजीः निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरू निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाः ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरू मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाषा र आधारभूत मापदण्डः स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाषा र आधारभूत मापदण्ड संघीय कानूनले निर्धारण गरेबमोजिम हुनेछ।

५. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठनः (१) गाउँपालिका क्षेत्रमा स्वास्थ्य संस्था व्यवस्थापनका लागि देहाय बमोजिम एक स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ।

(क) सम्बन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य - अध्यक्ष

(ख) वडा समितिबाट मनोनीत महिला सदस्य एक जना - उपाध्यक्ष

(ग) स्वास्थ्य संस्था नजिकको विद्यालयको प्रधानाध्यापक वा प्रतिनिधी - सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(ङ) सम्बन्धित वडाको अध्यक्षले तोकेको म.स्वा. स्व.से. – सदस्य

(च) स्थानीय व्यापारी तथा उद्योग वाणीज्य संघको प्रतिनिधि – सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य– सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पन्ध्र शैयाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि देहायबमोजिम अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ङ) गाउँ सभाका सदस्य मध्येबाट समितिले मनोनित गरेको एक जना महिला र एक जना दलित सदस्यसहित दुईजना - सदस्य

(च) स्थानीयस्तरका स्वास्थ्य क्षेत्रका विज्ञमध्ये समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना - सदस्य

(छ) सामुदायिक विद्यालयको प्रधानाध्यापक मध्येबाट संयोजकले मनोनित गरेको विद्यालयको प्रधानाध्यापक - सदस्य

(ज) गाउँपालिका क्षेत्रका महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट समितिले मनोनित गरेको एक जना - सदस्य

(झ) मेडिकल सुपरिटेन्डेन्ट वा संस्था प्रमुख - सदस्य– सचिव

(३) उपदफा (१)र (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (१)र (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (१) र (२) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई कार्यपालिकाको कार्यालयमा पेश गर्ने।

(ख) स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ग) स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने।

(घ) स्वास्थ्य संस्थाका लागि आवश्यक जनशक्ति, औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्ने।

(ङ) गुणस्तरीय, प्रभावकारी, पहुँचयोग्य तथा सेवाग्राहीमैत्री स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने।

(च) मातृ–शिशु स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन तथा रोग नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

(छ) स्वास्थ्य संस्थाको आर्थिक, प्रशासनिक तथा भौतिक स्रोतसाधनको व्यवस्थापन गर्ने।

(ज) स्वास्थ्यकर्मी तथा कर्मचारीको कार्यसम्पादन, जिम्मेवारी तथा क्षमता विकासमा सहजीकरण गर्ने।

(झ) स्वास्थ्यसम्बन्धी अभिलेख, तथ्याङ्क, सूचना तथा प्रतिवेदन व्यवस्थापन गर्ने।

(ञ) स्वास्थ्य सेवा सम्बन्धी गुनासो, उजुरी तथा समस्याको समाधान गर्ने।

(ट) स्वास्थ्य सेवा सञ्चालनको अनुगमन, समीक्षा, समन्वय तथा आवश्यक सुधारका लागि सिफारिस गर्ने।

(ठ) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने।

(ड) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनका लागि सहजीकरण गर्ने।

(ढ) स्वास्थ्य घुम्ती शिविरहरू राख्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने तथा व्यवस्थापन गर्ने।

(ण) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरूलाई सफल पार्न आवश्यक कार्य गर्ने।

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

६. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधिः (१) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) व्यवस्थापन समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) व्यवस्थापन समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) व्यवस्थापन समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिका अध्यक्षले र निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले गर्नेछ।

(६) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) व्यवस्थापन समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) व्यवस्थापन समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ।

(९) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. स्वास्थ्य संस्था अनुगमन समिति गठनः (१) गाउँपालिका क्षेत्रमा स्वास्थ्य संस्था अनुगमनका लागि देहाय बमोजिम एक स्वास्थ्य संस्था अनुगमन समिति हुनेछ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रशासन शाखा प्रमुख - सदस्य

(ग) कार्यपालिका सदस्य मध्येबाट समितिले मनोनित गरेको एक जना महिला र एक जना सदस्यसहित दुईजना - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिब

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क(स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाको नियमित अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने।

(ख(स्वास्थ्य सेवाको गुणस्तर, पहुँच, प्रभावकारिता र सेवाग्राही सन्तुष्टिको अनुगमन गर्ने।

(ग(स्वास्थ्य संस्थामा जनशक्ति, औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीको उपलब्धता र उचित व्यवस्थापन भए–नभएको अनुगमन गर्ने।

(घ(स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले प्रचलित कानून, मापदण्ड, कार्यविधि तथा स्वीकृत सेवा प्रोटोकल पालना गरे–नगरेको जाँच गर्ने।

(ङ(स्वास्थ्य संस्थाको सरसफाइ, स्वास्थ्यजन्य फोहोर व्यवस्थापन, खानेपानी तथा भौतिक पूर्वाधारको अवस्था निरीक्षण गर्ने।

(च(स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी तथा सेवाग्राहीका सुझावको सुनुवाइ गरी आवश्यक सुधारका लागि सिफारिस गर्ने।

(छ(स्वास्थ्य संस्थाको योजना, कार्यक्रम, बजेट तथा प्रगति विवरणको अनुगमन र समीक्षा गर्ने।

(ज(अनुगमनबाट देखिएका समस्या, कमजोरी तथा कानूनविपरीत कार्य सुधार गर्न आवश्यक निर्देशन वा कारबाहीका लागि सिफारिस गर्ने।

(झ(अनुगमनबाट प्राप्त निष्कर्ष, सुझाव तथा सुधारका उपाय समेटी कार्यपालिकासमक्ष प्रतिवेदन पेश गर्ने।

(ञ(गाउँपालिका क्षेत्रमा स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धमा आवश्यक राय प्रदान गर्ने।

(ट(स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, सचेत गराउने र सजग बनाउने।

८. बैंक खाता सञ्चालनः (१) प्रत्येक स्वास्थ्य संस्थाले बैंक खाता खोल्नु पर्नेछ।

(२) बैंक खाता स्वास्थ्य संस्थाको व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

परिच्छेद– ३

स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड

९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः (१) गाउँपालिकाले आफैले तोकिएको मापदण्डमा पन्ध्र शैयासम्म क्षमताको अस्पताल स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अस्पताल स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ।

(३) गाउँपालिकाले प्रत्येक वडामा कम्तीमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(क) जनशक्तिः स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट) एक जना, अ.हे.व. दुई जना, अ.न.मी. दुई जना तथा आवश्यकता अनुसार अन्य सहायक कर्मचारीहरू।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन।

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरणहरू।

(४) गाउँपालिकाले कम्तीमा दुई सय घरधुरी भन्दा माथिको भौगोलिक क्षेत्रमा देहायका पूर्वाधार पूरा गरी सामुदायिक स्वास्थ्य ईकाइ वा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(क) जनशक्तिः अ.हे.व. एक जना, अ.न.मी. एक जना र आवश्यकताअनुसार सहायक कर्मचारीहरू।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन।

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरणहरू।

(५) गाउँपालिकाको क्षेत्रभित्र जडीबुटी, प्राकृतिक चिकित्सा, योग ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरूसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

१०. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्नेः (१) गाउँपालिकाको क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा कार्यपालिकाले पाँच शैयासम्मको अस्पताल सञ्चालनको अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिका लागि तोकिएको ढाँचामा कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(३) अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न कार्यपालिकालाई सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (३) को आधारमा कार्यपालिकाले तोकेको समयभित्र तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेछ।

(५) तोकिएको समयसीमाभित्र यस ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा कार्यपालिकाले अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ।

११. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने पाँच शैयासम्मका अस्पतालहरूले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ।

(१) जनशक्तिः कम्तीमा १ जना एम.बी.बी.एस. डाक्टर, कम्तीमा २ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याब टेक्निसियन, आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी तोकिए बमोजिम जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

(२) भवन तथा कोठाः दर्ता चलानी, बहिरङ्ग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याबिन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ तथा तोकिए बमोजिमका अन्य आवश्यक कोठाहरू हुनुपर्नेछ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ सपोर्ट सिस्टम, चौविस घण्टा विद्युत् र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ।

१२. पोलिक्लिनिक सञ्चालनको अनुमतिः (१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति दिन सक्नेछ।

(२) पोलिक्लिनिकमा बिरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

१३. प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालनः व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरणसहित गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र।

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात।

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार।

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरूको विवरण।

१४. फार्मेसी सञ्चालनको अनुमतिः (१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा कार्यापालिकाबाट अनुमति लिनुपर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधिका प्रकारहरू र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनुपर्नेछ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरूको विवरण, शैक्षिक प्रमाणपत्र, नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात तथा सम्बन्धित वडा कार्यालयको सिफारिससहित आवेदन पेश गर्नुपर्नेछ।

(४) प्राप्त विवरणसहितको आवेदन पेश हुन आएमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ।

१५. मापदण्ड पूरा नगरेमा सजाय हुनेः (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिँदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रूपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीका लागि कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सोको आम जनतालाई जानकारी दिइनेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरूले औषधि बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउनेदेखि अनुमति खारेज गर्न सकिनेछ।

१६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्टमार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्कमा कार्यपालिकाको कार्यालयको सिफारिसमा विपन्न नागरिकलाई पचास प्रतिशतसम्म छुट वा मिनाहा दिनुपर्नेछ।

परिच्छेद– ४

स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

१७. स्वास्थ्यकर्मीको व्यवस्थापनः गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरू मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि देहायबमोजिम स्वास्थ्यकर्मी रहनेछन।

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका तथा प्रदेश लोकसेवा मार्फत सिफारिस भई आएका स्वास्थ्यकर्मीहरू।

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरू।

(३) अभ्यासकर्ताः स्थानीयस्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरू एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन

गरेका विद्यार्थीलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रूपमा गाउँपालिकाले बढीमा एक वर्षको लागि भर्ना गर्न सक्नेछ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविकाः

१८. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्थाः स्वास्थ्य सेवालाई घरदैलोको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरू नियुक्त गर्न सक्नेछ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरू नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम १० कक्षा अध्ययन गरेको, महिलाको हकमा सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ।

(२) एउटा वडामा अधिकतम संख्या १२ हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र ४०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले कार्यपालिकाको कार्यालयमा समक्ष सिफारिस गर्न सक्नेछ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरूले आधारभूत स्वास्थ्य सम्बन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्य संस्थाहरूले आवश्यकताअनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछन्।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरू मध्ये निरक्षर र ५० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिनेछ र नयाँ नियुक्ति गर्दा कम्तीमा १० कक्षा उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ।

१९. स्वास्थ्यकर्मीको सेवा सुविधाः (१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र कार्यपालिकाले तोके बमोजिमका अन्य सेवा सुविधा दिन सकिनेछ।

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल वा दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रूपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केलको एक तिहाइ रकमसम्म उपलब्ध गराउन सकिनेछ।

(४) अभियानकर्ता/स्वयंसेविकाः पोशाक, वार्षिक रूपमा सञ्चार खर्च, स्वास्थ्य संस्थाले आवश्यकता अनुसार काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरू उपलब्ध गराउन सकिनेछ।

२०. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्तिः सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी कार्यपालिकाले निर्धारण गर्नेछ।

(१) दरबन्दी अनुसारका पदहरूमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरू रहनेछन्। समायोजनमा नआएका कर्मचारीहरूको हकमा कार्यपालिकाको कार्यालयले दरबन्दीको अधीनमा रही करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्तिको लागि देहाय बमोजिमको छनोट समिति हुनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कार्यपालिकाको कार्यालयले तोकेको एक जना विज्ञ - सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२१. कर्मचारी सरुवाः (१) स्थायी स्वास्थ्यकर्मीलाई कुनै एक स्वास्थ्य संस्थामा अधिकतम दुई वर्ष सेवा गरे पश्चात प्रमुख प्रशासकीय अधिकृतले अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(२) कार्यसम्पादन सन्तोषजनक नभएका स्वास्थ्यकर्मी र विशेष अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बखतमा पनि सरुवा गर्नसक्नेछ।

पुनश्चः विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ।

(३) उपदफा (२) बमोजिम बाहेक एउटै स्वास्थ्य संस्थामा कम्तीमा तीन वर्ष कामकाज गरेका स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा कार्यपालिकाको कार्यालयमा सरुवाका लागि निवेदन दिन सक्नेछन्।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनका आधारमा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थाको मिल्दो पदमा सरुवा गर्न सक्नेछ।

२२. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाइ शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरूसँग र प्रमुखले अन्य कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(२) कार्यसम्पादन करार सम्झौता एक वर्षको हुनेछ। सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

२३. कार्यसम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कारः (१) कार्यसम्पादन करार भएका कर्मचारीहरूको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्नेछ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ।

परिच्छेद– ५

औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२४. वार्षिक खरिद योजना बनाउनुपर्नेः (१) आफ्नो क्षेत्रभित्र वार्षिक रूपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनुपर्नेछ।

(२) वार्षिक खरिद योजना शाखाको सहयोगमा खरिद एकाइले तयार गर्नेछ।

२५. औषधि तथा स्वास्थ्य उपकरण खरिदः (१) औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि प्रमुख प्रशासकीय अधिकृतको अनुमतिले शाखाले प्रक्रिया अगाडि बढाउनेछ।

(२) औषधि तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरूको पालना गर्नुपर्नेछ।

२६. औषधि तथा स्वास्थ्य उपकरणको भण्डारणः (१) खरिद गरिएको औषधि तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था शाखाले मिलाउनेछ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रूपमा गर्नुपर्नेछ। खरिदको परिमाण निर्धारण मागको बीस प्रतिशतमा नबढाईकन गर्नुपर्नेछ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधिको कुल परिमाण तथा मूल्य खरिद मितिको एक हप्ताभित्र सार्वजनिक गर्नुपर्नेछ।

(४) सम्बन्धित स्वास्थ्य संस्थाले कार्यपालिकाको कार्यालयबाट प्राप्त गरेको उपकरण र औषधि तथा औषधि वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रूपमा सार्वजनिक गर्नुपर्नेछ।

परिच्छेद– ६

स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२७. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः (१) गाउँपालिका स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन तथा स्वास्थ्य सेवाहरूको न्यूनतम मूल्य र गुणस्तर कार्यपालिकाले निर्धारण गर्न सक्नेछ।

(२) अनुगमन समितिले निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरूप कार्य गर्न निर्देशन दिन सक्नेछ।

२८. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः (१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरू सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

२९. सरसफाइ र स्वच्छताका लागि अनुगमन तथा नियमनः (१) स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गर्न अनुगमन समितिले आवश्यक अनुगमन तथा नियमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदूषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानि नोक्सानीको क्षतिपूर्ति गराउन अनुगमन समितिले सिफारिस गर्न सक्नेछ।

(३) अनुगमन समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाको कार्यालयले दण्ड, जरिवाना तथा अन्य कारबाही सम्बन्धी व्यवस्था गर्नुपर्नेछ।

परिच्छेद– ७

महामारी रोगथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

३०. रोग तथा रोगीहरूको अभिलेख राख्नुपर्नेः (१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टाभित्र नजिकको स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कुने व्यक्तिलाई नसर्ने रोग लागेमा पाँच दिनभित्र नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई सोको जानकारी गराउनु पर्नेछ।

(३) टिपोट गराइएका रोगीहरूको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरूले मासिक रूपमा गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गर्नुपर्नेछ।

३१. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्नेः (१) स्थानीयस्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र एकिन गरी विद्यालयहरू बन्द गर्न, अस्थायी रूपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध लगाउन सक्नेछ।

(२) महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारसँग अनुरोध गरी प्रभावकारी जनशक्ति परिचालन गर्नुपर्नेछ।

३२. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः (१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणका लागि कार्यपालिकाको कार्यालयबाट छुट्टै अनुमति लिनुपर्नेछ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न कार्यपालिकाको कार्यालयले बन्देज लगाउन सक्नेछ।

(३) गाउँपालिकाले सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुला क्षेत्रहरू तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरूको निश्चित दूरी तोकी धूम्रपान र मदिरापान निषेध गर्न सक्नेछ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धूम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले तोकिए बमोजिम कारबाही गर्नेछ।

(५) अठार वर्ष मुनिका वालवालिका, गर्भवती र सुत्केरी महिलालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पाईने छैन।

(६) गाउँपालिका क्षेत्र भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भिर असर पर्ने सामग्रीको विज्ञापन गर्न पाईने छैन।

३३. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोरमैला व्यवस्थापनः (१) गाउँपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइका मापदण्ड तयार गरी लागु गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम लागु गरिएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरू परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नुपर्नेछ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था गर्नुपर्नेछ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानि नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानि पुऱ्याउने परिवारले तिर्नुपर्नेछ।

(५) शहरी तथा अर्धशहरी क्षेत्रमा निस्कासित फोहोरमैला पुनः प्रयोग गरी कम्पोस्ट मल बनाइएको अवस्थामा कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

(६) गाउँपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टै फोहोरमैला व्यवस्थापन समिति गठन गरी कार्यसम्पादन गर्न सक्नेछ।

परिच्छेद– ८

विविध

३४. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान तथा ठूला अस्पताल सञ्चालनः (१) गाउँपालिका क्षेत्रमा राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरूप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापना तथा सञ्चालनका लागि सम्बन्धित वडा र कार्यपालिकाबाट सिफारिस लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरूको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिफारिस शुल्क दस्तुर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

३५. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनुपर्नेः स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सङ्घीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई शाखाले समन्वय गर्नेछ।

३६. एम्बुलेन्स सेवा सञ्चालनः (१) गाउँपालिकाले एम्बुलेन्स सेवाको सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. प्रगति विवरण पेश गर्नुपर्नेः गाउँपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य संस्थाहरूले आफ्नो प्रगति विवरण मासिक,त्रैमासिक तथा वार्षिक रूपमा गाउँपालिका समक्ष बुझाउनुपर्नेछ।

३८. साझेदारी गर्न सक्नेः गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरूसँग विभिन्न कार्यहरूका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरूबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरूको सहायता प्राप्त गर्न सक्नेछ।

३९. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

४०. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

४१. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ। तर, यस्तो आदेश गाउँ सभाले छ महिनाभित्र अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ।

४२. बचाउ र खारेजीः (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएको हदसम्म सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) चिङ्गाड गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ खारेज गरिएको छ।

आज्ञाले
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत